३९औं कार्यपालिका वैठक २०८१।०४।२८ गते

प्रस्ताव नं.१. नगर दररेट स्वीकृत सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानिय सरकार संञ्चालन ऐन २०७४,को दफा १३ अनुसार आ.व.२०८१/८२ को लागि नगरपालिका क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री,कामदारको ज्याला, ढुवानी, घर भाडा, मेशिन तथा उपकरणको भाडा तथा महसुलका साथै, बायोइन्जिनियरिङ्गका सामान तथा पशुचौपाया लगायतका दररेट यस नगरपालिकाको नगर दररेट निर्धारण समितिबाट सिफारिस भए बमोजीम स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत गर्ने र आगामी आ.व.का लागी नगर दररेट निर्धारण समितिको सदस्यमा श्री लौटन चौधरीलाई मनोनित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ : वजेट तथा कार्यक्रम अल्या सम्बन्धमा ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व.२०८०/०८१ का निम्नानुसारका विभिन्न प्रकृतिका आयोजना तथा कार्यक्रमहरु चालु आ.व.२०८१/०८२ मा क्रमश कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

१.आयोजनाको सम्झौता अवधि म्याद थप र कार्यान्वयन सम्बन्धमा ।

यस नगरपालिकामा निर्माणाधिन अवस्थामा रहेका तपसिल बमोजिमका पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयन गर्न आ.व. २०८०/०८१ को बचत हुन आउने रकमबाट बजेट विनियोजन गर्ने सम्झौता अवधि म्याद यही २०८१ साल पौष मसान्त सम्म थप गर्ने । यदि पौष मसान्त सम्म पनि निर्माण कार्य सम्पन्न नगरेमा सम्झौता अवधि थप गर्नु पर्ने भएमा थप गरिएको सम्झौता अवधिमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले सम्बन्धित निर्माण व्यवसायीहरुसंग पूर्व निर्धारित क्षतिपूर्ति (Liquidate Damages) लिने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | ठेक्का नं. | आयोजना स्थल | विनियोजित रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कैलाली जिल्लाको टीकापुर जगतपुर जमरा, मूर्तिया, खैरीफाँटा हुँदै कटासेबाट हायबे बलचौर महेन्द्रराजमार्ग सम्म कालोपत्रे आयोजना | TMO/NCB/23/ROAD/2080/081 | टीकापुर-१ | ४१०७९७.६८ | आन्तरिक | |
| २ | बनगाउँ बिचकापुरुवा नर बहादुर चौधरीको घरदेखि वडा नं ०३ को सिमाना जोड्ने कालोपत्रे सडक निर्माण टीकापुर नगरपालिका वडा नं. १ | TMO/NCB/24/ROAD/2080/081 | टीकापुर-१ | १४२९७०४.१ | आन्तरिक | |
| ३ | बनगाउँ बिचकापुरुवा कालोपत्रे बाँकी रहेको देखि वडा नं ३ को सिमाना जोड्ने कालोपत्रे निर्माण | TMO/NCB/25/ROAD/2080/081 | टीकापुर-१ र ३ | १८९३९१२.२८ | आन्तरिक | |
| ४ | खक्रौला सडक पुर्वका ब्लक नं २, ३, १४, १७, १८, १९, २०, | TMO/SQ/36/ROAD/2080/081 | टीकापुर-१ | १८१३६१.४१ | आन्तरिक | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २१ र विरेन्द्र प्लानिङ्ग क्षेत्रका सडक निर्माण | | | | | |
| ५ | कोठारपुर देखि करुणा बोर्डिङ्ग स्कुल जाने सडक कालोपत्रे आयोजना, टीकापुर नगरपालिका वडा नं. २ | TMO/NCB/12/ROAD/2079/080 | टीकापुर-२ | ११३०००६.९५ | आन्तरिक | |
| ६ | झोल्हा थारुको घरदेखि बाघमारा स्कुल हुदै आम्बासा जोड्ने बाटो र कोदैपुर भागीराम चौधरीको घर देखि आम्बासा जोड्ने बाटो कालोपत्रे निर्माण आयोजना | TMO/NCB/23/ROAD/2080/081 | टीकापुर-४ | ६८५९३४.९५ | आन्तरिक | |
| ७ | टीकापुर बृहत उद्यानको घेरापर्खाल निर्माण आयोजना | TMO/NCB/16/WORKS/2080/081 | टीकापुर-५ | १०४७९९०.२४ | आन्तरिक | |
| ८ | बेलुवा चौराहा विश्राम चौधरीको घर नजिक कालोपत्रे र दिव्यपुरदेखि हुलाकी रोड जोड्ने बाटोमा कालोपत्रे सडक निर्माण आयोजना | TMO/NCB/09/ROADS/2080/081 | टीकापुर-७ | ३४३७६८०.९१ | आन्तरिक | |
| ९ | ओजुवातालको पूर्वाधार निर्माण आयोजना (पक्की घेरापर्खाल, माटोपटानी, बाटोको स्तरोन्नती, पक्की बस्ने आराम बेन्च निर्माण, तालको रेखाङ्कन, बोरिङ्ग जडान) | TMO/NCB/31/WORKS/2079/080 | टीकापुर-७ बैदी | ६२१११२६.६५ | आन्तरिक | |
| १० | दलित तथा जनजाती बस्तीमा आवास घर निर्माण आयोजना | TMO/NCB/15/BUILD/2080/081 | टीकापुर-७ र ८ | २८४२०८९.७४ | आन्तरिक | |
| ११ | सुर्यपुर देखि वडा कार्यालय जाने बाटो निर्माण आयोजना | TMO/NCB/26/ROAD/2080/081 | टीकापुर-८ | ५७१६११.९४ | आन्तरिक | |

२. <u>आयोजनाको सम्झौता र कार्यान्वयन सम्बन्धमा</u> ।

यस आ.व. २०८०/०८१ मा ठेक्का आव्हान भई सम्झौता भएका र सम्झौता हुन बाँकी रहेका तपसिल बमोजिमका पूर्वाधार निर्माणका आयोजनाहरु कार्यान्वयन गर्न आ.व. २०८०/०८१ को बचत हुन आउने रकमबाट बजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | ठेक्का नं. | आयोजना स्थल | विनियोजित रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बड्घर घर निर्माण आयोजना | TMO/NCB/40/BUILD/2080/081 | टीकापुर-३ | ३०९५४३१.८६ | आन्तरिक | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | स्ट्रीट लाईट जडान कार्य | TMO/NCB/41/WORKS/2080/081 | टीकापुर-१ | ८०६८३०५.८९ | आन्तरिक | |
| ३ | बड्घर घर निर्माण आयोजना | TMO/NCB/42/BUILD/2080/081 | टीकापुर-४ | ४५००००० | आन्तरिक | |
| ४ | टीकापुर बृहत उद्यान बंगला पार्कको पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम आयोजना (पिकनिक स्थलमा ट्रस सेड भवन निर्माण, खानेपानी टंकी मर्मत, काठको पुल मर्मत, विरेन्द्र ऐश्वर्य विश्राम बाटीका मर्मत, सौन्दर्यकरण कार्य, पिकनिक स्थल तथा सो स्थल जाने बाटोमा ग्राभेलिङ्ग कार्य, खानेपानी लाइन बिस्तार, विरेन्द्र विश्राम बाटीकाको पानीको फोहरा मर्मत तथा हयूम पाईप कल्भर्ट निर्माण) | TMO/NCB/43/WORKS/2080/081 | टीकापुर-५ | ८०००००० | आन्तरिक | |
| ५ | बड्घर घर निर्माण आयोजना | TMO/NCB/44/BUILD/2080/081 | टीकापुर-५ | ४५००००० | आन्तरिक | |

३.<u>आयोजनाको सम्झौता र कार्यान्वयन सम्बन्धमा</u> ।

यस आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रममा रहेका र केही कार्यान्वयनमा गई अधुरा रहेका र केही विविध कारणले कार्यान्वयन हुन नसकेका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने आ.व. २०८०/०८१ को बचत हुनआउने रकमबाट बजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | विनियोजित रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक भवनको दोश्रो तला (फिनिसिंग सम्म), चमेना गृह भवन तला (फिनिसिंग सम्म) तथा प्रयोगशाला भवनको दोश्रो तला निर्माण | टीकापुर-१ कर्णाली मा. वि. | ३,०७,२७६.१८ | आन्तरिक | |
| २ | टीकापुर नगरपालिका ,कारितास नेपाल र लाभग्राही घरधनीको संयुक्त साझेदारीमा घरधनीका लागि बाढी प्रतिरोधात्मक घरहरु निर्माण आयोजना -५० वटा घर) | टीकापुर-२, ३, ४, ५, ७, ८ र ९ | १,३०,००,००० | आन्तरिक | मिति २०८०/०६/१९ गतेको कार्यपालिका बैठकको निर्णय नं १४ बमोजिमको कुल जम्मा रकम |
| ३ | कवर्ड हल निर्माण आयोजना | टीकापुर-१ | १,८९,००,००० | आन्तरिक | मिति २०८१/०३/१८ गतेको कार्यपालिका बैठकको निर्णय नं १० बमोजिम |
| ४ | जमरा पुलदेखि बसपार्क सम्म सडकको दायाँबायाँ सौन्दर्यकरण | टीकापुर-१ | ९०,००,००० | आन्तरिक | |
| ५ | कर्णाली विश्वनाथ धाममा हनुमान मन्दिर | टीकापुर-५ | ९२,७७,२६६ | आन्तरिक | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्माण | | | | |
| ६ | फोहोरमैला सेग्रिगेसन केन्द्र जाने बाटो माटोपटानी, ग्राभेल तथा सोही केन्द्रको घेराबार निर्माण | टीकापुर-५ | १९,८०,००० | आन्तरिक | |
| ७ | शक्तिनगर शिविरका सडक निर्माण | टीकापुर-१ | ५,००,००० | आन्तरिक | |
| ८ | समुदायमा आधारित कृषि र कृषि पर्यटन प्रवर्धन | टीकापुर-१ | २,००,००० | आन्तरिक | |
| ९ | टीकापुर अस्पतालको क्यान्टिन मर्मत | टीकापुर-१ | १,००,००० | आन्तरिक | |
| १० | ईलाका प्रहरी कार्यालयको पुस्तकालयको रयाक खरिद | टीकापुर-१ | २८,००० | आन्तरिक | |
| ११ | वडा नं २, ५ र ७ को क्षेत्र (टीकापुर पार्कको तटीय क्षेत्रको काल भैरब मन्दिर, कर्णालेश्वर महादेव मन्दिर र पद्माप्रकाशेश्वर महादेव मन्दिर सत्ती क्षेत्रलाई केन्द्र बिन्दु बनाई कर्णाली विश्वनाथ धाम) स्थापना गर्नका लागि विस्तृत परियोजना अध्ययन प्रतिवेदन तयार गर्ने कार्य परामर्श सेवा | टीकापुर-५ | ४,९९,५५० | आन्तरिक | |
| १२ | वडा नं ५ टीकापुर पार्क, नुक्लिपुर स्थित टीकापुर पार्क भित्र संग्राहलय निर्माण, प्रधानमन्त्री तथा मुख्यमन्त्री विश्राम बाटिका, ध्यान योग केन्द्र निर्माण र रेष्टुरेन्ट निर्माण कार्यको लागि डी. पि. आर. आर. निर्माण गर्ने कार्य परामर्श सेवा | टीकापुर-५ | ५,००,००० | आन्तरिक | |
| १३ | टीकापुर नगरपालिका, कारितास नेपाल र घरधनीहरुको लागत साझेदारीमा निर्माण भएका घरुहरुको As Built Drawing तथा प्राविधिक मुल्याङ्कन गरि detailed report पेश गर्न परामर्श सेवा | टीकापुर नगरपालिका | ५,००,००० | आन्तरिक | |
| १४ | खक्रौलामा कटानी रोक्न तट्बन्ध निर्माण कार्य | टीकापुर-९ | १०,००,००० | आन्तरिक | |
| १५ | झुंगा बौनियामा मरुवा घर निर्माण | टीकापुर-९ | १,५०,००० | आन्तरिक | |
| १६ | पायल गाउँमा बैठक घरका लागि सामुहिक घर निर्माण | टीकापुर-९ | १,५०,००० | आन्तरिक | |
| १७ | रति सुनारको घरदेखि बिचेन्द्र सावदको घरसम्म ग्रावेल | टीकापुर-९ | १,५०,००० | आन्तरिक | |
| १८ | आधुनिक कृषि तरकारी नर्सरी स्थापना | टीकापुर | ८,००,००० | आन्तरिक | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम | नगरपालिका | | | |
| १९ | आधुनिक कृषि तरकारी उत्पादन पकेट (केन्द्र स्थापना कार्यक्रम) | टीकापुर नगरपालिका | १९,००,००० | आन्तरिक | |
| २० | बाघमारा सामुदायिक भवन निर्माण | टीकापुर-४ | ४,००,००० | आन्तरिक | |
| २१ | मौरनियाँ देखि पहाडीपुरजाने बाटोमा पर्ने तालमा पक्की पर्खाल निर्माण | टीकापुर-४ मौरनियाँ | ४,५०,००० | आन्तरिक | |
| २२ | बाघमारा गाउँका विभिन्न बाटोमा माटो पटानी तथा ग्रावेल | टीकापुर-४ बाघमारा | ७,७५,००० | आन्तरिक | |
| २३ | श्रीलंका खानेपानी बोरिङ्ग मर्मत कार्य | टीकापुर-८ | ५०,००० | आन्तरिक | |
| २४ | नगर विकास कोषसंगको साझेदारीमा नगर बस संचालनको लागि सम्भाव्यता अध्ययनको लागि परामर्श सेवा साझेदारी रकम | टीकापुर नगरपालिका | २,२५,००० | आन्तरिक | |
| २५ | संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण प्रतिवेदन तयार गर्ने कार्य | टीकापुर नगरपालिका | ३,५०,००० | आन्तरिक | |
| २६ | ओजुवा ताल डल्फिन क्षेत्र युवा क्लबलाई खेलकुद सामाग्री वितरण | टीकापुर-७ | १,००,००० | आन्तरिक | |

४.पूर्व निर्धारित क्षतिपूर्ति(Liquidated Damages)अवधिमा निर्माण सम्पन्न भएका आयोजना सम्बन्धमा ।

यस कार्यालयबाट दिएको समयमा आयोजनाको कार्य सम्पन्न नगरी पूर्व निर्धारित क्षतिपुर्ति (Liquidated Damages) अवधिमा निर्माण सम्पन्न भएका तपसिल बमोजिमका आयोजनाहरुको प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत दरले सम्बन्धित निर्माण व्यवसायीहरुसंग पूर्व निर्धारित क्षतिपूर्ति (Liquidated Damages) लिई ठेक्का बिल बमिजमको रकम भुक्तानी दिन आ.व. २०८०/०८१ को बचत हुन आउने रकमबाट बजेट बिनियोजन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | ठेक्का नं. | आयोजना स्थल | विनियोजित रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वनगाउ उत्तरपुरुवा नर बहादुर चौधरीको घर देखि सरस्वती मा.वि.हुदै वडा नं. ०३ को सिमाना जोड्ने सडक र वनगाउ विचरपुरुवा नर बहादुर चौधरीको घर देखि वडा नं. ०३ को सिमाना जोड्ने सडक कालोपत्रे निर्माण | TMO/NCB/15/ROAD/2079/2080 | टीकापुर-०१, बनगाउ | १८३२२०४।३२ | आन्तरिक | २०८०।१०।०१ गते बाट LD सूचारु भई २०८१।०३।३१ गते कार्य सम्पन्न भएको(१८३ दिनको LD) |
| | बडघर घर निर्माण, समितिपुर, भगरैया र दक्षिण बनगाउँ | TMO/NCB/41/BUILD/2079/080 | टीकापुर-०१ | ९६७८८५।८ | आन्तरिक | २०८०/१२/२० गतेबाट LD सुचारु भई २०८१/०४/०३ गते कार्य सम्पन्न भएको (१०७ दिनको |

प्रमाणित

प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

डुगौरा थारु

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | LD) |

५.आयोजनाको सम्झौता अवधि म्याद थप र पूर्व निर्धारित क्षतिपूर्ति (Liquidated Damages) लिने सम्बन्धमा

यस नगरपालिकाको वडा नं ७ स्थित सत्ती खेलकुद मैदामा व्याटमिन्टन हल भवन निर्माण कार्यको श्री एफ. एण्ड एफ. ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा लि बिरेन्द्रनगर नगरपालिका वडा नं ३ सुर्खेतसंग मिति २०८०/०३/१७ गते आयोजना निर्माण कार्यको सम्झौता भई मिति २०८१ साल बैशाख ३० गते सम्ममा उक्त कार्य सम्पन्न गर्ने कार्यादेश दिईएकोमा निर्माण कम्पनीबाट हालसम्म पनि सम्झौता बमोजिम निर्माण कार्य अगाडी बढाएको नदेखिएको हुँदा सम्बन्धित निर्माण व्यवसायीसंग पूर्व निर्धारित क्षतिपुर्ति (Liquidated Damages) लिने र निर्माण कार्यको म्याद नियमानुसार निर्माण कार्यको सम्झौता बमोजिम म्याद समाप्त भएको मिति २०८१/०१/३० गतेबाट २०० दिन म्याद थप गर्ने र थप गरिएको सम्झौता अवधिमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले सम्बन्धित निर्माण व्यवसायीहरुसंग पूर्व निर्धारित क्षतिपुर्ति (Liquidated Damages) लिने र उक्त आयोजना चालु आ.व. मा कार्यान्वयन गर्ने आ.व. २०८०/०८१ को बचत हुन आउने रकमबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | ठेक्का नं. | आयोजना स्थल | विनियोजित रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं ७ स्थित सत्ती खेलकुद मैदानमा व्याटमिन्टन हल भवन निर्माण आयोजना | TMO/NCB/49/ROAD/2079/2080 | टीकापुर-७, सत्ती | ८०२५१४६।१५ | आन्तरिक | |

प्रस्ताव नं.३ भुक्तानी वाँकी सम्बन्धमा ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा आ व २०८०।०८१ मा कार्य सम्पन्न भएका तर विविध कारणले भुक्तानी हुन नसकेका तथा चेक साटन बाकि रहेका आयोजना तथा कार्यक्रम (विभिन्न फर्म, कम्पनी, संस्था आदिलाई भुक्तानी गर्न बाकि) को रु.४३,०७,०४५ (अक्षेरुपी त्रिचालिस लाख सात हजार पैतालिस मात्र) रकम म.ले.प फारम २२१ मा भए बमोजिम अल्या बजेटबाट चालु आ.व. २०८१।०८२ मा भुक्तानी तथा फिर्ता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.४.सिकलसेल अस्पताल सञ्चालन सम्बन्धमा ।

निर्णय नं.४. प्रस्ताव नं.४ माथि छलफल गर्दा टीकापुर नगर कार्यपालिकाको २८ औं कार्यपालिका बैठकको निर्णय न. ४ अनुसार टीकापुर नपा वडा न १ स्थित बहुउद्देश्यीय समुदायिक भवनमा सिकलसेल अस्पताल तथा अनुसन्धान केन्द्र स्थापना गर्ने निर्णय भए अनुरुप यस आ.व. मा अस्पताल सन्चालन गर्नुपर्ने भएको हुँदा हाललाई तपसिलको अस्थायी दरबन्दी स्विकृति गरी पदपूर्ति गर्न प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | पदनाम | तह | समुह | सेवा | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ | जनरल हेल्थ सर्भिसेज | स्वास्थ्य | १ | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

... दगौरा थारु

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | हेल्थ असिस्टेन्ट | ५ | हे.ई. | स्वास्थ्य | १ | |
| ३ | फार्मेसी सहायक | ५ | फार्मेसी | स्वास्थ्य | १ | |
| ४ | स्टाफ नर्स | ५ | जनस्वास्थ्य नर्स | स्वास्थ्य | १ | |
| ५ | अ.न.मी. | ४ | जनस्वास्थ्य नर्स | स्वास्थ्य | १ | |
| ६ | ल्याब टेक्निसियन | ५ | मे. ल्या. टे. | स्वास्थ्य | १ | |
| ७ | ल्याब असिस्टेन्ट | ४ | मे. ल्या. टे. | स्वास्थ्य | १ | |
| ८ | अ.हे.व. | ४ | हे.ई. | स्वास्थ्य | १ | |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | | १ | |
| १० | सरसफाईकर्मी | श्रेणी विहिन | प्रशासन | | २ | |
| ११ | चौकीदार (पाले) | श्रेणी विहिन | प्रशासन | | २ | |

प्रस्ताव नं.५.होस्टेल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.१ बनगांउ स्थित श्री सरस्वती मा.वि. टीकापुरमा बिपन्न तथा असाहय विधार्थीहरका लागी होस्टेल सञ्चालन तथा व्यवस्थापनका लागी आवश्यक पर्ने कार्यविधि निर्माण गरि विधार्थी होस्टल (छात्रावास) संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६.किसान सुचिकरण सम्बन्धमा ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका कृषकहरुको पहिचान गरी सरकारी तवरवाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन बृद्दी गर्न नेपाल सरकारको किसान सुचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसार वडा नं.१ देखि ९ सम्म रहेका किसानहरुको कृषि तथ्याङ्क विधुतीय प्रणाली मार्फत किसान सुचिकरण कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७ मजदुरको तथ्याङ्क संकलन,सुचिकरण र मजदुर विमा सम्बन्धमा ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको श्रमिक लगत संकलन तथा व्यवस्थापन कार्यविधी, २०७८ कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिका सदस्य मध्ये बाट श्रमिक संचालन समितिमा कार्यपालिका सदस्य श्री कैलास पति चौधरीलाई सदस्यको रुपमा तोक्ने निर्णय गरिनुका साथै अन्य सदस्यमा श्रमिक संचालन समितिको बैठक मार्फत सदस्य तोकी कार्य अघि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.८.अटो रिक्सा सुचिकरण सम्बन्धमा ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथी छलफल गर्दा टीकापुर नगरपालिका क्षेत्रमा रहेका अटो रिक्साको लगत संकलन गरी यस कार्यालयमा दर्ता/सुचिकरण गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.९.शिक्षक तथा कर्मचारी दरबन्दी स्वीकृत सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं.९ प्रस्ताव नं.९ माथी छलफल गर्दा नगर शिक्षा समितिको विभिन्न मितिको सिफारीसका आधारमा टीकापुर नगरपालिका अन्तर्गतका विभिन्न सामुदायीक विद्यालयहरुका लागि निम्न माध्यमिक तहको लागि ४ (चार) वटा र प्राथमिक तहको लागि १ (एक) वटा नगर अनुदान शिक्षक कोटा थप तथा स्विकृत गर्ने र उक्त नगर अनुदान कोटा विद्यालयहरुमा वितरणको लागि नगर शिक्षा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

प्रस्ताव नं.१०.सटर भाडा सम्बन्धमा ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा वडा नं.१ र ७ मा रहेको सपिङ्ग कम्प्लेक्स भवनमा रहेका सटर कवलहरुको बाँकीबक्यौता रकम असुली तथा बहाल व्यवस्थापन सम्बन्धमा मिति २०८१।०३।१८ गतेको कार्यपालिका बैठकको निर्णय बमोजिम २०८१।०४।१५ गते भित्र बहाल सम्झौता गर्न वा सम्झौता खारेज गर्नका लागि निवेदन पेश गर्न नसकेका व्यक्ति/फर्महरुलाई देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो ।

१) बहाल सम्झौताको म्याद समाप्त भएका वा नवीकरण हुन नसकेका तर बाँकीबक्यौता बहाल रकम बुझाई सकेका र बहालमा बसि राख्न ईच्छुक व्यक्ति/फर्मको हकमा आर्थिक ऐनले तोकेको दररेटमा बहाल लिने दिने गरि २०८१ असोज १५ गते भित्रमा निवेदन प्राप्त भएमा सम्बन्धित सटर कवलमा पसल सञ्चालन गरि रहेकै व्यक्ति/फर्मको नाममा बहाल सम्झौता गर्ने ।

२) बाँकीबक्यौता बहाल रकम चुक्ता नगरेका तर सटर कवलमा निरन्तर रुपमा पसल सञ्चालन गरि राख्न ईच्छुकको हकमा २०८१ असोज १५ गते भित्रमा बाँकीबक्यौता रकमको कम्तिमा ५० प्रतिशत रकम जम्मा गरेमा बाँकी रकम २०८१ मंसिर मसान्त भित्र बुझाई सक्ने लिखित कबुलियतनामा र सो भन्दा कम रकम जम्मा गरेको भएमा २०८१ माघ मसान्त भित्र बुझाई सक्ने लिखित कबुलियतनामा सहित २ जनाको व्यक्तिगत जमानी वा बैंक जमानत पत्र पेश गर्न लगाई आर्थिक ऐनले तोकेको दररेटमा मासिक रुपमा बहाल लिने दिने गरि सम्बन्धित सटर कवलमा पसल सञ्चालन गरि रहेकै व्यक्ति/फर्मको नाममा बहाल सम्झौता गर्ने ।

३) सटर कवल खालि गर्न ईच्छुक व्यक्ति/फर्मको हकमा बाँकीबक्यौता बहाल रकमको कम्तिमा ५० प्रतिशत रकम चुक्ता गरि बाँकी रकम २०८२ असार १५ गते भित्र बुझाई सक्ने कबुलियतनामा पेश गर्न लगाई बहाल सम्झौता खारेज गर्ने । ५० प्रतिशत भन्दा कम रकम बुझाएको हकमा २ जनाको व्यक्तिगत जमानी पत्र समेत पेश गर्नुपर्ने ।

प्रस्ता नं.११.कर्णाली नदिको ढुङ्गा,गिट्टी तथा वालुवा विक्रीको लागी IEE को TOR स्वीकृत सम्बन्धमा ।

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र भएर बग्ने कर्णाली नदीवाट ढुंगा ,गिट्टी,बालुवा उत्खनन तथा बिक्रि बितरणका लागि गरिने क्षेत्रको प्रारम्भीक वातावरणीय परिक्षण (IEE) कार्यको Terms and Reference (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१२.नगर बस सञ्चालनको अध्ययनका लागि रुट निर्धारण सम्बन्धमा ।

निर्णय नं. १२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा नगर बस संचालनको सम्भाव्यता अध्धयन कार्यको लागि तपसिल बमोजीमका रुटहरु निर्धारण गर्ने र नगर विकास कोष काठमाडौंलाई अनुरोध गर्ने निणर्य गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
टीकापुर, कैलाली

रामलाल डगौरा थारु

Scanned with CamScanner

तपसिल

१.बाहिरी चक्रपथ (Outer Ring Road)

२.आन्तरिक चक्रपथ (Inner Ring Road)

३. लम्की-टीकापुर-खक्रौला भन्सार सडक

४.खक्रौला सडक बिष्ट आयल देखि शंकरपुर हुँदै रामपुर चौराहा हुंदैं मोतीनगर चोक हुंदैं जोशीपुर जाने सडक ।

५.बेलुवा चोक देखि सत्ती बजार हुंदैं राजापुर जाने सडक

६.डल्फिन चोक-झुंगा चोक ,प्रहरी बिट देखि भजनी जाने सडक

७.टीकापुर बसपार्कबाट पार्क हुंदैं दौलतपुरघाट जाने जाने सडक

८.टीकापुर-सनकट्टीघाट हुदैं बर्दिया शान्तिबजार जाने सडक

९.हुलाकी राजमार्ग सूर्यपुरदेखि ८ नं. वडा कार्यालय हुंदैं खक्रौला भन्सार जाने सडक

१०.खक्रौला सडकबाट भगरैया हुंदैं ज्योतनिगर जाने सडक

११.पार्क रोड बनानाज रिसोर्ट हुंदैं झन्झटपुर,मनिकापुर,बसन्ता,लक्षिनापुर हुंदैं सती बसपार्क जाने सडक

१२.वडा नं.२ मिलन चोक हुंदैं कोठारपुर, मनिकापुर, बन्दिपुर हुंदैं अस्नेहरी चोक हुंदैं बाघमारा भएर अम्बासा हुंदैं प्रतिपुर-बैदिबाट बालुवाटार खक्रौला सडक

प्रस्ताव नं.१३.नियमावली तथा कार्यविधि सम्बन्धमा ।

निर्णय नं.१३ प्रस्ताव नं.१३ माथी छलफल गर्दा यस नगरपालिकामा दैनिक रुपमा उत्पादन हुने फोहरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गर्ने र टीकापुर नगरपालिकामा उपभोक्ताहरुको उजुरी,जाँचबुझ तथा कारवाही गर्ने प्रयोजनका लागि देहाय बमोजिमका नियमावली र कार्यविधि स्वीकृत गरि कार्यान्वयमा ल्याउने निर्णय गरियो ।

तपसिल

१.टीकापुर नगरपालिकाको फोहरमैला व्यवस्थापन नियमावली,२०८१

२.टीकापुर नगरपालिका उपभोक्ताको (उजुरी,जाँचबुझ तथा कारबाही) सम्बन्धी कार्यविधि,२०८१

प्रस्ताव नं.१४ वडा स्तरमा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.१४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा टीकापुर नगरपालिका नगर कार्यापालिकाको मिति २०८०।०९।२१ को नि.नं.१८ अनुसार वडा कार्यालयमा कामको अध्याधिक चापका कारण सेवा प्रवाहमा कठिनाई भै रहेकोले हरेक वडा कार्यालयका लागी कम्प्युटरमा दक्षता भएका जनशक्तिलाई दैनिक ज्यालादारीमा कामकाज लगाउने गरि केही समयका लागी अस्थाइ दरवन्दिका रुपमा कायम गरि कामकाजमा लगाउने निर्णय गरियो।

प्रस्ताव नं.१५ मालपोत कार्यालयको कार्यालय व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.१५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा टीकापुर नगरपालिका स्थित श्री मालपोत कार्यालय टीकापुर, कैलालीलाई डेस्कटप कम्प्युटरको अभाव भएकोका कारण दैनिक रुपमा सकलन गर्ने राजश्व लागयतका कामका

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

लागी समस्या उत्पन्न भएकोले मालपोत कार्यालय टीकापुरलाई नयाँ डेस्कटप कम्प्युटर सेट-१ (एक) उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.१६ जंगली जनावर बाघवाट भएको क्षतिको क्षतिपुर्ति सम्बन्धमा ।

निर्णय नं.१६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा विगत ८-१० दिन देखि जंगली जनावर बाघ गाउ वस्तीमा प्रवेश गरि विभिन्न पशु पालक कृषकहरुले पालेका खसि वाख्रा, बंगुर, हास कुखुरा, कुकुर आदि मारी क्षति पुगेकाले जंगली जनावर बाघवाट भएको क्षतिको क्षतिपुर्ति उपलब्ध गराई दिन जिल्ला वन कार्यालय, कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१७ जंगली जनावर बाघ नियन्त्रणका लागी सडक वति जडान सम्बन्धमा ।

निर्णय नं.१७ प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा विगत ८-१० देखि जंगली जनावर बाघ गाउ वस्तीमा प्रवेश गरि विभिन्न पशु पालक कृषकहरुले पालेका खसि वाख्रा, बंगुर, हास कुखुरा, कुकुर आदि मारी क्षति पुगेकाले जंगली जनावर बाघ नियन्त्रणका लागी प्रकोप व्यवस्थापन कोषवाट रु.३,००,०००।- (तिन लाख) विनियोजन गरि खतरायुक्त क्षेत्रमा सडक वति जडान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं. १८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा निम्नानुसारका व्यक्ति लाई देहाय बमोजिम रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नाम,थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रिमा चौधरी | टीकापुर-३ | ५००००।- | |
| २. | सरस्वति तिरुवा | टीकापुर-२ | ५००००।- | |

प्रस्ताव नं.१९ चाडपर्व मनाउन रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं.१९ प्रस्ताव नं.१९ माथि छलफल गर्दा निम्नानुसारका चाड पर्व तथा कार्यक्रमका लागी देहाय बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम तथा आयोजनाको नाम | रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|
| ०१ | कमैया मुक्ति दिवस | १५,०००।- | स्थानीय दिवस,सभा,समारोह,उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |
| ०२ | गुरही पर्व | १५,०००।- | स्थानीय दिवस,सभा,समारोह,उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |
| ०३ | कृष्णजन्माष्टमी पर्व | ६००००।- | स्थानीय दिवस,सभा,समारोह,उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | वडा नं.३,४,५,७,८ र ९ प्रत्येक वडा लाई रु.१०,०००।- हजारका दरले |
| ०४ | गणपति मेला | १०००००।- | स्थानीय दिवस,सभा,समारोह,उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | वडा नं.१ का लागी रु.५००००।- र वडा नं.२ का लागी रु.२५०००।-, वडा नं.६ का लागी रु.२५०००।- |
| ०५ | हरितालिका तिज पर्व | १८००००।- | स्थानीय दिवस,सभा,समारोह,उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | वडा नं.१ का लागी रु.६००००।- अन्य वडाहरुका लागी हरेक वडालाइ रु.१५०००।- का दरले |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | उपलब्ध गराउने |
| ०६ | अनतर पर्व | १००००।- | स्थानीय दिवस,सभा,समारोह,उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |
| ०७ | घासे मेला | १०००००।- | साहित्य, कला र सँस्कृति संरक्षाण | वडा नं.८ |
| ०८ | बोल बंम धार्मिक कार्यक्रम | २५०००।- | साहित्य, कला र सँस्कृति संरक्षाण | टीकापुर न.पा.७ पदमपुर रु.१५०००।- र टीकापुर न.पा.३ रु.१००००।- |
| ०९ | थारु कल्याणकारिणी सभा | ४००००।- | स्थानीय दिवस,सभा,समारोह,उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |
| १० | ईन्द्रेणी सृजनशिल समाज | १०,०००।- | स्थानीय दिवस,सभा,समारोह,उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |

प्रस्ताव नं.२० नगर प्रहरी थप गर्ने सम्बन्धमा ।

निर्णय नं.२० प्रस्ताव नं.२० माथि छलफल गर्दा टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेको नगर प्रहरी संगठनलाई थप व्यवस्थित एवं प्रभावकारी तुल्याउन देहाय बमोजिम नगर प्रहरी पदनाम, स्तर/श्रेणी कायम गरी सोही अनुसार सेवा सुविधा उपलब्ध गराउने साथै निम्नानुसार नगर प्रहरी संख्या थप गर्ने निर्णय गरियो ।

| क्र.स. | साविकको नगर प्रहरीको पद/नाम | हालको नगर प्रहरीको पद/नाम | स्तर/श्रेणी | जम्मा आवश्यक संख्या | कार्यरत संख्या | पदपुर्ति गर्नु पर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नगर प्रहरी संयोजक | नगर प्रहरी प्रमुख | नेपाल प्रहरीको प्रहरी सहायक निरिक्षक (असई) सरह | १ (एक) | १ (एक) | - | पहल वहादुर शाह |
| २ | नगर प्रहरी उप-संयोजक | हवल्दार | नेपाल प्रहरीको प्रहरी हवल्दार सरह | १ (एक) | १ (एक) | - | सुभाष सिं ठकुरी |
| ३ | नगर प्रहरी जवान | नगर प्रहरी जवान | नेपाल प्रहरीको प्रहरी जवान सरह | १० (दश) | ३ (तिन) | ७ (सात) | |

प्रस्ताव नं.२१ स्तर बृद्दि सम्बन्धमा ।

निर्णय नं.२१ प्रस्ताव नं.२१ माथि छलफल गर्दा यस कार्यालयमा सि.अ.हे.व अधिकृत छैठौं पदमा कार्यरत श्री वल वहादुर रावलले स्तर बृद्दि गरि अधिकृत स्तर सातौं कायम गरि पाँउ भनि पेश भएको निवेदनका सन्दर्भमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२२ करारमा नयाँ कर्मचारी नियुक्त सम्बन्धमा ।

निर्णय नं.२२ प्रस्ताव नं.२२ माथि छलफल गर्दा यस कार्यालयमा करार सेवामा कर्मचारी भर्ना गर्ने प्रयोजनका लागि मिति २०८१।०१।११ गतेको सूचना बमोजिम टीकापुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा ५" बमोजिम अन्तर्वार्ता र सूचिकरण समिति द्वारा मिति २०८१।०४।२७ गते प्रकाशन गरेको अन्तिम नतिजामा सफल भएका तपसिल बमोजिमका उम्मेद्वारहरु लाई मिति २०८१।०५।०१ गते देखि लागु हुने गरि करार सम्झौता गरि कामकाजमा लगाउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | सफल उम्मेद्वारको नाम | ठेगाना | पद | श्रेणी/तह | कैफियत |
|---|---|---|---|---|---|

प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सुमित कोईराला | टीकापुर १ | सुचना प्रविधि अधिकृत | अधिकृत स्तर छैठौं | |
| २ | नविना कुमारी ओझा | टी.न.पा.१ | सर्वेक्षक | सहायक स्तर पांचौं | |
| ३ | अस्मिता चौधरी | टीकापुर-७ | अमिन | सहायक स्तर चौथौं | |
| ४ | सर्मिला चौधरी | जानकी-१ | ना.प्रा.स.(कृषि) | सहायक स्तर चौथौं | |
| ५ | नविन चौधरी | टीकापुर-१ | पाले (चौकीदार) | श्रेणी विहीन | |

प्रस्ताव नं.२३ मौजुदा नगर विकास समितिको कार्यक्षेत्र विस्तार सम्बन्धमा ।

निर्णय नं.२३ प्रस्ताव नं.२३ माथी छलफल गर्दा मौजुदा नगर विकास समिति टीकापुरको कार्यक्षेत्र विस्तार गरि वडा नं.१ देखि वडा नं.९ सम्म विस्तार/कायम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२४ माईती नेपालको सेफ हाउसको घरभाडा तिर्ने सम्बन्धमा ।

निर्णय नं.२४ प्रस्ताव नं.२४ माथी छलफल गर्दा टीकापुर नगरपालिकामा मानव वेच विखन रोकथामका क्षेत्रमा क्रियाशिल रहेको माईती नेपाल नामक संस्था द्वारा सञ्चालित सेफहाउस भाडामा लिए वापत उक्त संस्थाले माशिक रुपमा तिर्दै आएको माशिक भाडा रकम २०८१ भाद्र देखि यस नगरपालिकावाट तिर्ने आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner